# आर्थिक वर्ष २०७६/७७ को बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं १ विराटनगर

२०७६ फाल्गुण

# आ.व. २०७६/७७ को बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन


प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं १ विराटनगर

२०७६ फाल्गुण

# मन्तव्य

प्रदेश सरकारको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको दुई महिना भित्र बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने प्रावधान बमोजिम यो प्रतिवेदन तयार गरिएको छ । यसै आधारमा चालु आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयनको पहिलो छ महिना अवधिको बजेटको स्रोत परिचालन र खर्चको स्थिति, आयोजना/कार्यक्रम र वित्तीय संघीयताको कार्यान्वयनको अवस्था, विद्यमान चुनौति र तत्काल गर्नुपर्ने सुधारका क्षेत्रको विश्लेषण गरी यो अर्धवार्षिक समीक्षा प्रतिवेदन प्रस्तुत गरिएको छ ।

बजेट कार्यान्वयनको यस अवधिमा प्रदेशका अधिकांश आर्थिक परिसूचकहरु सकारात्मक छन् । आर्थिक नीति, बजेट प्रणाली र सार्वजनिक वित्त व्यवस्थापनमा कानूनी, नीतिगत, संस्थागत र प्रक्रियागत सुधारका सकारात्मक प्रयासहरु भइरहेका छन् । आर्थिक एवं सामाजिक क्षेत्रका कार्यक्रमहरुको कार्यान्वयनले गति पाएको छ । वित्तीय संघीयताको कार्यान्वयन प्रभावकारी बन्दै गएको छ । प्रदेश तथा स्थानीय तहमा आर्थिक क्रियाकलापहरु विस्तार भएका छन् ।

सार्वजनिक वित्त व्यवस्थापन थप प्रभावकारी र व्यवसायीक बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तर्जुमा हुने क्रममा रहेको छ । यसले बजेट प्रणाली र सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा वित्तीय अनुशासन, पारदर्शीता र उत्तरदायित्व प्रवर्द्धन गर्न सहयोग गर्नेछ । साथै प्रदेश स्तरीय बजेट तथा योजना तर्जुमा दिग्दर्शन तयार गरी बजेट तथा योजना तर्जुमा प्रक्रियालाई थप व्यवस्थित बनाउने प्रयास गरिदैछ । आर्थिक वर्षको अन्त्यतिर बढी रकम भुक्तानी गर्ने प्रवृत्तिमा सुधार ल्याउन सम्पन्न कामको तत्काल भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ र खर्च गर्न नसक्ने निकायको रकम समार्पण  गर्ने व्यवस्था मिलाइएको छ ।

प्रस्तुत प्रतिवेदनका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराउने सबै निकायहरु र प्रतिवेदन तयार गर्न संलग्न मन्त्रालयका सचिव लगायत सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

इन्द्र वहादुर आङ्वो
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

# विषय सूची


| विषय | पेज नं. |
|---|---|
| प्रदेशको समग्र आर्थिक स्थिति | १ |
| चालु आ.व.२०७६/०७७ को बजेट | २ |
| बजेटका उद्देश्यहरु | २ |
| बजेट प्राथमिकताहरु | २ |
| बजेटको रणनीतिक लक्ष्यहरु | ३ |
| बजेट संरचना | ३ |
| प्रदेश सरकारको अर्धवार्षिक प्रगति आ.व.२०७६।०७७ | ५ |
| २०७६ पौष मसान्तसम्मको संचित कोषको अवस्था | ७ |
| मन्त्रालयगत बजेट तथा खर्च विवरण | ८ |
| मन्त्रालयगत प्रगति | ९ |
| अन्य उपलब्धिहरु | २० |
| अन्य केही महत्वपूर्ण कार्यक्रमहरु | २२ |
| बजेटसँग सम्बन्धीत केही समस्याहरु | २२ |
| प्रदेश राजस्व परिचालन सम्बन्धी समस्याहरु | २३ |
| स्रोत परिचालनका लागि गरिएका थप प्रयासहरु | २५ |
| बजेटको संशोधित अनुमान र पुनः प्राथमिकीकरण | २६ |
| समिक्षा अवधिसम्मको अवस्था | २६ |

## प्रदेशको समग्र आर्थिक स्थिति

यस प्रदेशको आ.व. २०७५/७६ को कुल गार्हस्थ्य उत्पादन (उत्पादक मूल्यमा) ५ खर्ब ०५ अर्ब ८४ करोड ८ लाख छ । जुन नेपालको कुल गार्हस्थ्य उत्पादनको १७.३ प्रतिशत हो । केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७५/७६ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३७.३ प्रतिशत रहेको छ । यस प्रदेशको प्रति व्यक्ति आय ९३४ अमेरिकी डलर (नेपालको औसत १०४७ अमेरिकी डलर) रहेको छ । राजस्व सङ्कलनको अवस्था हेर्दा भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, घरजग्गा रजिस्ट्रेसन आदि शीर्षकमा यस प्रदेशबाट जम्मा रु. ४२ अर्ब २२ करोड राजस्व सङ्कलन भएको देखिन्छ, जुन नेपालको सम्पूर्ण राजस्वको ८.८ प्रतिशत हुन आउँछ । भन्सार बिन्दुको राजस्व बाहेक यस प्रदेशबाट जम्मा राजस्व रु. १२ अर्ब १२ करोड मात्र राजस्व सङ्कलन भएको देखिन्छ, जुन मुलुकको गैर भन्सार राजस्वको २.५२ प्रतिशत हो । यस प्रदेशको समग्र राजस्व सङ्कलनमा भन्सार विन्दुको योगदान ७१.२९ प्रतिशत छ ।

भू-स्रोत व्यवस्थापनका हिसाबले खेतीका लागि बढी उपयुक्त जमिन तराई र भित्री मधेसमा १७ प्रतिशत छ । पहाडमा भिरालो र गरा बनाएर मात्र खेती हुने जमिन २४ प्रतिशत, घाँसपातका निम्ति २४ प्रतिशत र वन्यजन्तु, संरक्षण र पर्यटनका निम्ति १५ प्रतिशत उपयुक्त छ । झन्डै २० प्रतिशत जमिन अति भिरालो वा चट्टान वा बरफले ढाकेको छ ।

प्रदेशमा कुल ठूला र मझौला उद्योगको संख्या ७४० र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १९.९२ प्रतिशत रहेको छ । यस मध्ये विदेशी लगानीमा साना ७३, मझौला ३० र ठूला २२ गरी जम्मा १२५ उद्योगमा १०२४.३ करोड लगानी स्वीकृत भएको देखिन्छ । उद्योग क्षेत्रमा प्रदेशमा १ लाख १ हजार २ सय ७९ ले रोजगारी पाएका छन् ।

जल तथा ऊर्जाको यस प्रदेशमा प्रशस्त सम्भावना रहेको छ । १७ स-साना आयोजनाबाट हाल १३६.९ मेगावाट विद्युत् उत्पादन भइरहेको छ भने अन्य ५२१.३ मेगावाट निर्माणाधीन अवस्थामा छन् । २१७५.९ मेगावाट क्षमताका आयोजना अध्ययनका चरणमा छन् । हालै शिलान्यास भएको अरूण-३ को निर्माण पश्चात् यो प्रदेश जलविद्युत उत्पादनका दृष्टिले सम्भावनायूक्त प्रदेश रहेको छ ।

प्रदेशको कुल भू-भागको २३ प्रतिशत कृषि क्षेत्र पर्दछ । ३८.६ प्रतिशत कृषि भूमिमा सिँचाइ सुविधा पुगेको छ, जसको अधिकांश भूभाग (८७ प्रतिशत) तराईका तीन जिल्ला झापा, मोरङ र सुनसरीमा पर्दछ । खाद्यान्न उत्पादनका दृष्टिले यो प्रदेश आत्मनिर्भर मात्र होइन अन्य प्रदेश र छिमेकमा समेत निर्यात गर्ने हैसियत राख्दछ । धान, मकै, कोदो, फापर, गहुँ र जौमा ३ लाख मेट्रिक टनभन्दा बढी बचत हुन्छ । यो प्रदेशको उपभोगलाई चाहिने भन्दा ३७ प्रतिशत बढी हो ।

यो प्रदेशमा २,३८९ कि.मि. पूर्व-पश्चिम र उत्तर दक्षिण रणनीतिक सडक छन् । ११,८३७ कि.मि. जिल्ला र स्थानीय सडक छन् । यी मध्ये कालोपत्रे सडक १० प्रतिशतभन्दा पनि कम  छ । यस प्रदेशका १३ वटा विमानस्थल मध्ये विराटनगर र भद्रपुर अतिरिक्त चालू अवस्थाका ८ वटा साना विमानस्थल छन् ।

मानव विकास (दीर्घ जीवन, ज्ञानमा पहुँच र राम्रो जीवनस्तर)का निम्ति चाहिने आयका दृष्टिले नेपालको औसतभन्दा यो प्रदेशको स्थिति राम्रो देखिन्छ । प्रदेशको मानव विकास सूचकाङ्क ०.५०४ छ । बहुआयामिक गरिबी औसत १९.७ प्रतिशत (राष्ट्रिय २८.६ प्रतिशत) छ । यस प्रदेशको औसत आयु ७०.७  वर्ष रहेको छ । त्यसैगरी यस प्रदेशको साक्षरता दर ७१.१ प्रतिशत रहेको छ भने पुरुष साक्षरता दर ७९.३ प्रतिशत र महिला साक्षरता दर ६३.९ प्रतिशत रहेको छ ।

## चालु आ.व.२०७६/०७७ को बजेट

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (२) बमोजिम चालु आ.व.२०७६ को राजस्व र व्ययको अनुमान असार १ गते प्रदेश सभा समक्ष पेश गरिएको थियो र प्रदेश सभाले असार २३ मा राजस्व र व्ययको अनुमानका लागि निर्धारित आर्थिक ऐन, २०७६ र विनियोजन ऐन, २०७६ पारित गरेको थियो ।

## बजेटका उद्देश्यहरु

- उत्पादन अभिवृद्धि गर्न स्रोत र साधनहरुको अधिकतम उपयोग गरी उत्पादकत्व वृद्धि गर्दै मर्यादित रोजगारी सिर्जना र गरिवी न्यूनीकरण गर्ने ,
- आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार तयार गरी सामाजिक न्याय सहितको **'स्वच्छ, सुखी र समुन्नत प्रदेश** निर्माण गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला तयार गर्ने,
- सार्वजनिक सेवाको  प्रभावकारीता, जवाफदेहिता र  सहभागिता सुनिश्चित गर्न सुशासन प्रवर्द्धन गर्ने  ।

## बजेटका प्राथमिकताहरु

- उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्न कृषि, पर्यटन, ऊर्जा, उद्योग लगायतका क्षेत्रमा पूँजी परिचालन;
- शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी र आवासको व्यवस्था;  रोजगारीको सिर्जना साथै लैंगिक समानता र समावेशीकरण;

- सडक, सिंचाई, यातायात, शहरी पूर्वाधार एवम् सूचना प्रविधिको विकास र विस्तार;
- प्राकृतिक प्रकोपको असर न्यूनीकरण र पर्यावरण संरक्षण;
- संघीय सरकार, स्थानीय तह, निजी क्षेत्र, सहकारी र सामुदायिक क्षेत्र सँग सहकार्य र समन्वय ।

**बजेटको रणनीतिक लक्ष्यहरु**

- बजेट विनियोजन दक्षता (Efficiency) हासिल गर्ने
  - आयोजनाको छनौट र स्वीकृति क्षमता बलियो बनाउने
  - साधन (Input) र उपलब्धी (Outcomes) को आधारमा खर्च व्यवस्था मिलाउने
  - Value For Money हासिल हुने गर्ने
- बजेट कार्यान्वयन दक्षता हासिल गर्ने
  - प्रस्ताव गर्दा नै पर्याप्त विनियोजन गर्ने
  - तोकिएको समय भित्र अन्तरसरकारी वित्त हस्तान्तरण प्राप्त गर्ने
  - प्रतिफल प्रति आयोजना प्रमुखलाई जिम्मेवार बनाउने
- बजेटलाई यथार्थपरक बनाउने
- सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी एवम् सक्षम बनाउन खर्चका मापदण्डहरु लागू गर्ने
- चालु खर्चलाई मितव्ययी र पूँजीगत खर्चलाई नतिजामूलक बनाउने
- बजेट प्रणालीलाई आधुनिक सूचना प्रविधिमा आधारित बनाई थप पारदर्शी बनाउने
- प्रदेश र स्थानीय तहको विकासको आवश्यकतालाई सम्वोधन गर्ने गरी न्यायोचित, सन्तुलित र परिपूरक रुपमा वित्त हस्तान्तरण व्यवस्थापन गर्ने

**बजेट संरचना**

- **कुल बजेट रु ४२ अर्व २० करोड ०४ लाख १० हजार**
  - ❖ संचित कोषमाथि व्ययभार हुने रकम १ करोड ५९ लाख ७६ हजार
  - ❖ संचित कोषबाट व्ययभार हुने रकम ४२ अर्व १८ करोड ४४ लाख ३४ हजार

- चालू : रु १८ अर्व ५४ करोड ६४ लाख ७६ हजार **४३.९ प्रतिशत**
- पूंजीगत : रु २३ अर्व ५७ करोड ३९ लाख ३४ हजार **५५.९ प्रतिशत**
- वित्तीय व्यवस्था रु ८ करोड **०.२ प्रतिशत**

- **श्रोत**
  - **आन्तरिक श्रोत रु ३ अर्व ८४ ९.१४ प्रतिशत**
    - कर तथा गैर कर तर्फः रु ३ अर्व ५८ करोड ७९ लाख १० हजार
    - दण्ड जरिवाना तर्फ : रु २६करोड २० लाख ६.८ प्रतिशत
  - **राजस्व बांडफांड रु १० अर्व २७ करोड ९७ लाख २४.९२ प्रतिशत**
    - बाडफांड भई प्राप्त हुने ७ अर्व ६० करोड ७० लाख (मू.अ.कर)
    - बाडफांड भई प्राप्त हुने २ अर्व ६७ करोड २७ लाख (अन्तशुल्क)
    - बाँडफाँड भई प्राप्त हुने रोयल्टि वन, खनिज, विद्युत र पर्वतारोहण २४ करोड ७० लाख ९७ हजार (अन्तशुल्क)
  - **अनुदान रु २१ अर्व २० करोड ७४ लाख ५०.२८ प्रतिशत**
    - समानिकरण अनुदान ८ अर्व १६ करोड ३३ लाख
    - सशर्त अनुदान ७ अर्व ४ करोड ४१ लाख
    - बिशेष अनुदान २ अर्व (अपेक्षित)
    - समपूरक अनुदान ४ अर्व (अपेक्षित)
  - **नगद मौज्दात ६ अर्व ६१ करोड**

**कर राजस्व रु २ अर्व ८२ करोड ४९ लाख १० हजार ७३.४ प्रतिशत**

- सवारी साधन कर रु १ अर्व ५५ करोड ५ लाख ३२ हजार
- विज्ञापन कर रु १ लाख ५० हजार
- मनोरंजन कर रु १० करोड
- घर जग्गा रजिस्ट्रेशन दस्तुर रु १ अर्व १७ करोड १८ लाख ७८ हजार

**गैर कर राजस्व रु ७६ करोड ३० लाख १९.८ प्रतिशत**

- कम्पनी रजिस्ट्रेशन रु ५ करोड ५० लाख
- सरकारी सम्पत्तिको वहाल वाट आय रु. ५ लाख
- रोयल्टी वन पैदावार विक्री शुल्क रु ४५ लाख

- पर्यटन शुल्क रु १० करोड
- अन्य सेवा शुल्क, प्राकृतिक स्रोत विक्री आय ५५ करोड
- अन्य प्रशासनिक सेवा शुल्क रु. १ करोड
- परिक्षा शुल्क रु २ लाख ५० हजार

## प्रदेश सरकारको अर्धबार्षिक प्रगति आ.ब.२०७६/७७

| क | बाँडफाँड बाट प्राप्त आय | | | |
|---|---|---|---|---|
| क्र.सं. | शीर्षक | लक्ष | प्रगति | प्रतिशत |
| १ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,६०७,०००,०००.० | २,९९२,०२३,६७०.२५ | ३९.३३ |
| २ | बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | २,६७२,७००,०००.० | ७४०,८०५,३८१.७८ | २७.७२ |
| | **जम्मा** | १०,२७९,७००,०००.० | ३,७३२,८२९,०५२.०३ | ३६.३१ |

| ख | संघिय अनुदान | | | |
|---|---|---|---|---|
| क्र.सं. | शीर्षक | लक्ष | प्रगति | प्रतिशत |
| ३ | समानिकरण अनुदान | ८,१६३,३००,०००.० | २,०४०,८२५,०००.०० | २५.०० |
| ४ | शसर्त अनुदान चालु | ७,०४४,१००,०००.० | १,७३७,६००,०००.०० | २४.६७ |
| ५ | विषेश अनुदान चालु | २,०००,०००,०००.० | ५४,५०,००,००० | ०.०० |
| ६ | समपुरक अनुदान पूँजीगत | ४,०००,०००,०००.० | ७५,३८,००,००० | ०.०० |
| | जम्मा | २१,२०७,४००,०००.० | ३,७७८,४२५,०००.० | १७.८२ |

ग

| क्र.सं. | शीर्षक | लक्ष | प्रगति | प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | रोयल्टी | २४७,०९७,०००.० | २४६,७९७,३४५.०० | ९९.८८ |

घ खुद आन्तरिक आय

| क्र.सं. | शीर्षक | लक्ष | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| १ | आन्तरिक आय | ३,८४९,९१०,०००.० | १,१६१,१४८,४०७.३१ | ३०.१६ |
| | जम्मा | ३,८४९,९१०,०००.० | १,१६१,१४८,४०७.३ | ३०.१६ |

ङ आ.ब. २०७५/७६ को बचत अनुमान तर्फ आय

| क्र.सं. | शीर्षक | लक्ष | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| १ | नगद मौज्दात | ६,६१६,३०३,०००.० | २,४२७,५०५,०९०.७७ | ३६.६९ |
| | | | | |
| | जम्मा | | २,४२७,५०५,०९०.८ | ३६.६९ |
| | कुल जम्मा | **४२,२००,४१०,०००.०** | **११,०९९,९०७,५५०.११** | **२६.३०** |

आन्तरिक आय तर्फ मुख्य शीर्षक गत राजश्वको विवरण

| क्र.सं. | राजश्व संकेत | शीर्षक | प्राप्त रकम | **कैफियत** |
|---|---|---|---|---|
| १ | ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३४३,१७५,०२६.३२ | |
| २ | ११४५१/ १४२२५/१४२५६ | सवारी साधन कर / यातायातक्षेत्रको आम्दानी / अनुमति पत्र समेत | २६९,७६२,०७४.०० | |
| ३ | ११६१३/१४२५३ | व्यवसायले भुक्तानी गर्ने | ५८,२४१,७०५.०० | |
| ४ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३३६,००८.५० | |
| ५ | १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहतर | २५,२७४,१८८.७७ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | १४२६४ | वन क्षेत्रको आय | ३,८७०,०६५.५४ | |
| ७ | १४२११/१४२१२/१४२१३/१४२१७/१४२१९ | विभिन्न शुल्क तथा बिक्री बाट आय | ६,४९४,८०५.५० | |
| ८ | १४२२३/१४२२४ | परीक्षा शुल्क / शिक्षाक्षेत्रको आम्दानी | १,५२०,४६०.०० | |
| ९ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २४,७५१,७९६.८० | |
| १० | १४३१२ | प्रशासनिक दण्ड,जरिवाना र जफत | ७,५४६,७६६.१३ | |
| ११ | १५११२/१५११३ | गत वर्षको निकासा / अनुदान फिर्ता | ३९७,२६०,६९३.१० | |
| १२ | ११६९१/१४५११/१४५२९ | विभिन्न आय | ५५,३४५.०० | |
| १३ | १५१११ | बेरुजु | २२,८५९,४७२.६५ | |
| | | | १,१६१,१४८,४०७.३१ | |

## २०७६ पौष मसान्त सम्मको संचितकोषको अवस्था

| सि. न. | विवरण | | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | आ. व. २०७५।७६ बाट प्राप्त भएको नगद मौज्दात | | २,४२७,५०५,०९०.७७ | फिर्ता पछि बाँकी |
| २ | गत आ. व. को प्राप्त हुन बाकी यस चालु आ. व. मा प्राप्त भै सकेको रकम | | ७०६,२८३,३२२.७८ | |
| क | रोयल्टी | २४६,७९७,३४५.०० | | गत आ.व. २०७५।७६ को |
| ख | राजस्व बाडफाड | ४५९,४८५,९७७.७८ | | आषाढ २० पछिको |

| | | | | |
|---|---|---|---|---|
| ३ | यस बर्षको पौष सम्मको प्राप्ति मु. अ. कर अन्त शुल्क तथा अनुदान र राजश्व (सशर्त र समानीकरणको पहिलो किस्ता समेत) | | ८,२१२,९१६,४८१.५६ | |
| क | अनुदान | ३,७७८,४२५,०००.०० | | |
| ख | मु.अ.कर र अन्तशुल्क | ३,२७३,३४३,०७४.२५ | | |
| ग | आन्तरिक आय | १,१६१,१४८,४०७.३१ | | |
| ४ | यस वर्षको पौष मसान्त सम्मको खर्च (चालु पूँजिगत र वित्तिय हस्तान्तरण समेत) | | ६,८६४,८२७,९१२.८२ | |
| संचितकोषको बचत अवस्था (१+२+३-४) | | | ४,४८१,८७६,९८२.२९ | |

## मन्त्रालयगत बजेट तथा खर्च विवरण आ.व. २०७६/०७७
## २०७६ पौष मसान्त
## चालु तर्फ

| क.सं. | मन्त्रालय | चालु बजेट | चालु खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रदेश व्यवस्थापिक सचिवालय | ३००,६७९,०००.०० | ९८,०७३,८४१.०१ | ३२.६२ |
| २ | लोकसेवा आयोग | १७,४९७,०००.०० | - | ०.०० |
| ३ | प्रदेश योजना आयोग | ५४,०३६,०००.०० | १०,१७९,३२२.०० | १८.८४ |
| ४ | मुख्य न्यायाधिवक्ता कार्यालय | २३,११७,०००.०० | ५,९००,२९३.०० | २५.५२ |
| ५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १९०,८४३,०००.०० | ३६,७३२,२०६.०३ | १९.२५ |
| ६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ७,७३७,६६५,०००.०० | ४९०,०८५,३३४.४५ | ६.३३ |
| ७ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३३८,३०८,०००.०० | ४६,२९७,८१४.०० | १३.६९ |
| ८ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त | १,६५९,९१५,०००.०० | ३९२,३०९,८३३.८८ | २३.६३ |
| ९ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्राल | ३,८५९,१४६,०००.०० | २४२,६१३,३६६.३६ | ६.२९ |
| १० | भौतिक पूर्वाधार विकास मन्त्रालय | ९९९,९८७,०००.०० | २२७,१०७,९१२.७२ | २२.७१ |
| ११ | सामाजिक विकास मन्त्रालय | ३,४४५,२८३,०००.०० | ७४८,२३४,७८६.८० | २१.७२ |
| जम्मा | | १८,६२६,४७६,०००.०० | २,२९७,५३४,७१०.२५ | १२.३३ |

पूँजीगत तर्फ

| क्र.सं. | मन्त्रालय | पूँजीगत बजेट | पूँजीगत खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रदेश व्यवस्थापिक सचिवालय | ३५,४१७,०००.०० | २,२५३,७०९.०० | ६.३६ |
| २ | लोकसेवा आयोग | ७,५००,०००.०० | - | ०.०० |
| ३ | प्रदेश योजना आयोग | १८,६८२,०००.०० | ८२५,७८१.०० | ४.४२ |
| ४ | मुख्य न्यायाधिवक्ता कार्यालय | ५,०००,०००.०० | ३,८१३,६७९.०० | ७६.२७ |
| ५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८९,८३०,०००.०० | २,१७०,३५८.७२ | २.४२ |
| ६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३३६,६५०,०००.०० | ५,०५९,९१४.०० | १.५० |
| ७ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १,१४४,५६०,०००.०० | १०६,३१२,६०३.६२ | ९.२९ |
| ८ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त | २,१७२,८२३,०००.०० | ६०,१८६,०४३.६९ | २.७७ |
| ९ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्राल | १८१,८८६,०००.०० | ६८,७४९,४२४.०५ | ३७.८० |
| १० | भौतिक पूर्वाधार विकास मन्त्रालय | १८,८५९,९९४,०००.०० | ४,२६५,००१,६९८.८३ | २२.६१ |
| ११ | सामाजिक विकास मन्त्रालय | ७२१,५९२,०००.०० | ५२,९१९,९९०.६६ | ७.३३ |
| | **जम्मा** | २३,५७३,९३४,०००.०० | ४,५६७,२९३,२०२.५७ | १९.३७ |
| | कुल जम्मा | ४२,२००,४१०,०००.०० | ६,८६४,८२७,९१२.८२ | १६.२७ |

नोटः प्रदेश सरकारको वित्तिय ब्यवस्था तथा स्थानिय तहहरुलाइ वित्त हस्तान्तरण गरिने रकम आर्थिक मामिला तथा योजना मन्त्रालयमा देखाइएको छ ।

## मन्त्रालयगत प्रगति

### उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

| बजेट वक्तव्यको बुँदा नं | बजेट बक्तव्य अनुसारको कार्यक्रम | प्रगतिको अवस्था |
|---|---|---|
| ३७ | पर्यटनको विकास र प्रवर्द्धनका लागि प्रदेश पर्यटन बोर्डको स्थापना | प्रदेश पर्यटन विकास ऐन २०७६ पारित भई नियमावली बन्ने क्रममा रहेको र ऐनमा पर्यटन बोर्डको स्थापना सम्वन्धी व्यवस्था रहेको तर बोर्ड गठनको लागि नियमावली बने मात्र कार्यान्वयनमा आउने अवस्था रहेको हुँदा पर्यटन विकास |

| | | |
|---|---|---|
| | | नियमावली बने पश्चात प्रदेश पर्यटन बोर्ड गठन तथा संचालनमा आउने, |
| ३८ | सगरमाथा आधार शिविर देखि कंचनजंघा क्षेत्रसम्म हिमालयन पदमार्ग निर्माण प्ररम्भ | १. पदमार्ग निर्माण (इकोहोली कल्चर ट्रेक पदमार्ग खोटाङ जिल्लाको ऐसेलुखर्क देखि ठाडेडाँडा, धर्मडाँडा साल्पा हुँदै सगरमाथा मकालु बेस क्याम्प जोड्ने)<br>२. हिमालय ट्रेल मार्ग, कञ्चनजंघा मकालु आधार शिविर सम्म लगायतको कृयाकलापमा बजेट विनियोजन भई कार्य आरम्भको लागि सम्झौताको क्रममा रहेको । |
| ४० | महाभारत हरित कृषि पर्यटन क्षेत्रको रुपमा विकास गर्ने | ३. महाभारत हरित कृषि पर्यटन क्षेत्र विकास अन्तरगत भेडेटार — रवी —राके सिद्धिथुम्का करिडोरमा पर्यटन पूर्वाधार विकास शीर्षकमा बजेट विनियोजन भएको र पर्यटन विकास आयोजनाको कार्यालय विराटनगर मार्फत काम अगाडी बढेको |
| ४१ | जैविक विविधता संरक्षण मार्फत पर्यटन प्रवर्द्धन | प्रदेशका संरक्षित क्षेत्र र वन क्षेत्रमा हुने पर्यापर्यटन विकास कार्यक्रम यस शीर्षकमा रहेको हुँदा सम्वन्धित संघीय निकाय अन्तरगतका संरक्षित क्षेत्रका कार्यालयहरु र डिभिजन वन कार्यालयहरुलाई पर्यापर्यटनको कार्यक्रम पठाई कार्यान्वयन भई रहेको । |
| ४२ | एक स्थानीय तह एक आकर्षक पर्यटकीय पूर्वाधार निरमाण | एक जिल्लाको एक स्थानीय तहमा पर्यटकीय महत्वका क्षेत्रमा पूर्वाधार विकासको काम अघि बढाउने गरी स्थान छनौट सम्वन्धी काम भई रहेको । |
| ४४ | रामसारमा सुचिकृत सिमसार क्षेत्रको संरक्षण र विकास | रामसार सूचिमा सूचिकृत सिमसारको संरक्षण र गुरुयोजना निर्माणको काम संचालन हुन सेवा प्रदायक संस्था छनौटको काम अगाडी बढेको । |
| ४६ | केवलकार संचालनको लागि विस्तृत सम्भाव्यता अध्ययन | केवलकार संचालनको लागि विस्तृत सम्भाव्यता अध्ययनको लागि सेवा प्रदायक संस्था छनौटको काम भइ रहेको |
| ४७ | मुन्धुम ट्रेल पदमार्ग निर्माण | मुनधुम ट्रेलको निर्माण कार्यको लागि त्रिपक्षीय श्रोत साक्षेदारीमा कार्य अगाडि बढाउन SDC नियोग, |

| | | |
|---|---|---|
| | | प्रदेश सरकार र स्थानीय सरकार एवं अन्य सरोकारवालाहरु सँग अन्तरकृया एवं छलफल भई स्थलगत अनुगमनको कार्य समेत सम्पन्न भईसकेको । |
| ४८ | विराटनगर विमानस्थल विस्तार र स्तरोन्नती | विमानस्थल विस्तार र स्तरोन्नती संघीय सरकारको कार्यक्षेत्र भित्र पर्ने हुँदा आवश्यक समन्वय र सहकार्य भईरहेको । |
| ५० | साहसिक पर्यटन सम्भाव्यता अध्ययन | साहसिक पर्यटन प्रवर्द्धन कार्यक्रम (स्काई रनिङ र ट्रेल रेस आदि) शीर्षकमा बजेट विनियोजन भई कार्यक्रम अगाडी बढेको । |
| ५४ | काष्ठ, गैरकाष्ठ तथा जडिवुटी विरुवा उत्पादन तथा खरिद गरी जनतालाई निःशुल्क उपलब्ध गराउने | डिभिजन वन कार्यलन र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु मार्फत नयाँ विरुवा उत्पादन कार्य भईरहेको साथै नर्सरीमा मौज्दातबाट निःशुल्क विरुवा वितरण भईरहेको |
| ५५ | जडिवुटी अनुसन्धान केन्द्र र जडिवुटी कम्पनी स्थापना गरी संचालन | डिभिजन वन कार्यलय अन्तरगतका प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम मार्फत जडिवुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापनाको काम भईरहेको |
| ५६ | तराई मधेश हरियाली वन विकास कार्यक्रम | झापा, मोरङ र सुनसरीमा डिभिजन वन कार्यलयको प्रदेश हरित अभियान कार्यक्रम मार्फत कार्यान्वयनमा रहेको |
| ५७ | जैविक इन्जिनियरिङमा आधारित भू तथा जलाधार व्यवस्थापन कार्यक्रमहरु | भू तथा जलाधार व्यवस्थापन कार्यक्रम मार्फत भू तथा जलाधार व्यवस्थापन कार्यलय, धनकुटा र ओखलढुंगा र जलाधार कार्यक्रम कार्यान्वयन इकाई मार्फत जैविक इन्जिनियरिङ मार्फत जलाधार व्यवस्थापनको काम भई रहेको |
| ५८ | जैविक विविधता संरक्षण सम्वन्धी कानून तर्जुमा | प्रदेश वन ऐन, २०७६, प्रदेश वातावरण संरक्षण ऐन २०७६ मस्यौदा भई प्रदेश सभामा पेश भएको |
| ५९ | प्रदेशस्तरीय खुला प्राणी उद्यान (चिडियाखाना) स्थापना | प्रादेशिक खुला प्राणी उद्यान (चिडियाखाना) स्थापना सम्वन्धी सम्भाव्यता अध्ययन भई विस्तृत परियोजना अध्ययन (DPR) निर्माणको लागि सेवा प्रदायक संस्था छनौटको क्रममा रहेको |

| | | |
|---|---|---|
| ६१ | बेसिन एप्रोचमा आधारित एकीकृत जलाधार संरक्षण कार्यक्रम संचालन | भू तथा जलाधार व्यवस्थापन कार्यक्रम मार्फत भू तथा जलाधार व्यवस्थापना कार्यालय, धनकुटा र ओखलढुंगा र जलाधार कार्यक्रुम कार्यान्वयन इकाई मार्फत बेसिन एप्रोचमा आधारित एकीकृत जलाधार संरक्षण कार्यक्रम संचालनमा रहेको |
| ६३/६४ | औद्योगिक क्षेत्र स्थापना/ औद्योगिक प्रदर्शनी केन्द्र स्थापना | औद्योगिक प्रदर्शन केन्द्र स्थापनाको लागि विराटनगर महानगरपालिकासँग समन्वय भईरहेको |
| ६५ | तन्तु प्रसारण (Tissue Culture) विधिबाट व्यवसायीक रुपमा गुणस्तरीय विरुवा उत्पादन उद्योग निर्माण | सम्भाव्यता अध्ययनको काम अघि बढाइएको |
| ६६ | Good Manufacturing Practice (GMP) प्रणाली अन्तर्गत आयुर्वेदीक औषधी उत्पादन गर्ने गरी सार्वजनिक निजी साझेदारीमा उद्योग स्थापना | सम्भाव्यता अध्ययनको काम अघि बढाइएको |

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

| बुँदा नं. | बजेट वक्तव्य अनुसारको कार्यक्रम | प्रगतिको अवस्था | |
|---|---|---|---|
| | | भौतिक | वित्तीय |
| १४० | प्रदेशका राजमार्गमा सडक सुशासन कायम गर्ने | सडक सुशासन कायम गर्न सरोकारवालाहरुसँग वृहत भेला गरी सडक सुशासन कायम गर्ने सम्वन्धमा सुझाव दिन कार्यदल गठन भएकोमा सो कार्यदलबाट प्रतिवेदन प्राप्त भई कार्यन्वयन हुने चरणमा रहेको | ५,००,००० |
| १५२ | सुरक्षित मुद्रण प्रेस स्थापना | प्रदेश सरकारको प्रेसको रुपमा स्थापना गर्न कार्यविधि बनाई कार्यान्वयन गर्नुपर्ने र बजेट समेत नपुग हुने देखिएको | |
| १५३ | सूचना तथा संचार निर्देशनालय गठन | सूचना तथा संचार निर्देशनालय गठन सम्वन्धी कार्यविधि बन्ने प्रकृयामा रहेको | |
| १६६ | सुरक्षित सीमा, सुरक्षित जीवन कार्यक्रम संचालन | सशस्त्र प्रहरीवल नेपालसँगको सहकार्यमा कार्यक्रम संचालन गर्ने गरी कार्ययोजना स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको | |
| १६९ | प्रादेशिक गोदाम घरको क्षमता अभिवृद्धि | प्रादेशिक गोदाम घरको क्षमता अभिवृद्धि गर्न विपद् सामाग्री खरिदको लागि ई-बिडिङको प्रकृयाबाट सूचना प्रकाशित भई खरिद प्रकृया शुरु भएको | |
| १७१ | प्रादेशिक आकस्मिक कार्य संचालन केन्द्र PEOC को स्थापना | PEOC यसै मन्त्रालयमा संचालनमा रहेको, मन्त्रालय भित्रै PEOC को लागि भवन निर्माण कार्य अन्तिम चरणमा रहेको | १२,६५,००० |
| १७२ | प्रत्येक जिल्लामा कम्तिमा एउटा दमकल व्यवस्थापन | चौध जिल्लामा दमकलको व्यवस्थाको लागि ई-विडिङ भई आशयको सूचना प्रकाशित गरी सम्झौताको चरणमा रहेको | |
| १७३ | "म अघि बढ्छु" कार्यक्रम संचालन | "म अघि बढ्छु" कार्यक्रम अन्तरगत शिक्षक नायकहरुलाई प्रशिक्षण, प्रचार प्रसार लगायतका कार्य भईरहेको टि-सर्ट छपाईको लागि ई-बिडिङ गरिएको | |

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| बुँदा नं | बजेट बक्तव्य अनुसारको कार्यक्रम | प्रगतिको अवस्था |
|---|---|---|
| १५५ | जनतासँग मुख्यमन्त्री कार्यक्रम संचालन | जनतासँग मुख्यमन्त्री कार्यक्रम अन्तरगत हाल सम्म १२ वटा टेलिभिजन कार्यक्रम र १२ वटा रेडियो कार्यक्रम संचालन भई रु. ९,०३,०००/- खर्च भएको । |
| १५७ | प्रदेशस्तरीय लगानी सम्मेलन आयोजना | मिति २०७६/०७/०३ गतेको प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार विभिन्न २६ वटा परियोजनाहरु छनौट गरी DPR तयारी सम्वन्धी प्रकृया अघि बढाउन नेपाल सरकार समक्ष पत्राचार गरिएको |
| १६० | प्रशासनिक संगठन तथा दरवन्दी संरचनाको पुनरावलोकन | प्रदेशस्थित सम्पूर्ण मन्त्रालय/कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत दरवन्दी संरचना पुनरावलोकन गरी प्रारम्भिक प्रदिवेदन तयार गरिएको |
| १६५ | प्रदेश सरकारको Integrated Portal र Application निर्माण गर्ने | मुख्यमन्त्री ड्यासबोर्ड र प्रदेश सरकारको पोर्टलको फ्रेमवर्क तयार भई निर्माणको चरणमा रहेको |

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

| बुँदा नं | बजेट बक्तव्य अनुसारको कार्यक्रम | प्रगतिको अवस्था |
|---|---|---|
| १४ | बाली विशेष संभाव्यताका आधारमा नयाँ पकेट तथा ब्लक कार्यक्रमहरु संचालन | १४ जिल्लामा संभाव्यता अनुसारको विभिन्न बालीहरुको पकेट तथा ब्लकहरु संचालनका लागि कृषि ज्ञानकेन्द्र तथा विज्ञ केन्द्रहरुलाई कार्यक्रम बाँडफाँड गरी कार्यान्वयन भईरहेको |
| १५ | नमुना कृषि परियोजना संचालन | १४ जिल्लामा संभाव्यता अनुसार विभिन्न बालिहरुको नमुना कृषि फार्म संचालनका लागि कृषि ज्ञानकेन्द्र तथा कृषि विकास निर्देशनालयवाट सूचना प्रकाशन गरी परियोजनाको छनौटको काम भईरहेको |
| १६ | खद्यान्न उत्पादन तथा उत्पादकत्व वृद्धिका कार्यक्रमहरु | प्रोत्साहनमा आधारित चैते धान तथा हाईब्रिड मकै खेतीका लागि झापा मोरङ, सुनसरी, उदयपुर, इलाम, पाँचथर, धनकुटा जिल्लामा सूचना प्रकाशन गरी कलस्टर छनौटको काम भईरहेको |
| १७ | प्रांगारिक कृषि प्रवर्द्धन अभियान कार्यक्रम | झापा, इलाम, पाँचथर, धनकुटा, उदयपुर, भोजपुर, खोटाङ र ओखलढुंगा कृषि ज्ञानकेन्द्रले आ आफ्नो कार्यक्षेत्रमा कृषि प्रवर्द्धन अभियानका लागि सूचना प्रकाशन गरी कलस्टर छनौटको काम भईरहेको |
| १८ | अत्याधुनिक कृषि बजार पूर्वाधारहरुको निर्माण तथा संचालन | कृषि विकास निर्देशनालयबाट प्रादेशिक कृषि बजार निर्माण तथा कृषि ज्ञान केन्द्रवाट संकलन केन्द्र निर्माणको आवेदन माग गरी स्थान छनौटको काम भइरहेको |
| १९ | वस्ती रहित कृषि भूमि विकास कार्यक्रम | भूमि सम्बन्धी प्रादेशिक कानुनको अभाव तथा बजेटको व्यवस्था नभएकोले शुरुवात नभएको |
| २० | पशु वधशाला निर्माण तथा सुधार र जनचेतना अभिवृद्धि कार्यक्रम | पशुपंक्षी विकास निर्देशनालयबाट १८ वटा बजार सुधार तथा निर्माण भईरहेको । |

| | | |
|---|---|---|
| २३ | प्रदेश भूमि बैंक स्थापना | भूमी सम्वन्धी प्रादेशिक कानूनको अभाव तथा बजेट व्यवस्था नभएकोले शुरुवात नभएको |
| २४ | चक्लावन्दी खेती प्रवर्द्धन कार्यक्रम | कृषि विकास निर्देशनालयवाट आवेदन माग गरी स्थान छनौटको काम भईरहेको |
| २५ | कृषि अनुसन्धान केन्द्र र नमुना कृषि फार्मको स्थापना विकास कार्यक्रम | अनुसन्धान केन्द्र स्थापना स्थल बजेटको व्यवस्था नभएको तथा संघीय निजामति सेवा ऐन र प्रदेश निजामति सेवा ऐनको अभावमा काम अघि बढ्न नसकेको |
| २७ | प्रादेशिक पहिचानयुक्त विशिष्टो वालीहरुको उत्पादन बृद्धि गरी निर्यात प्रवर्द्धन कार्यक्रम | अदुवा मिशन कार्यक्रम शुरुवात भएको । अलैंची/चिया प्रमाणिकरणको लागि उत्पादकहरुबाट निवेदन संकलन भइसकेको |
| २९ | धुलो दुध कारखाना निर्माण कार्यक्रम | धुलो दुध कारखाना निर्माणका लागि छनौट गरेको कामधेनु सहकारी संस्थाले कारखाना निर्माणको कार्य प्रारम्भ गरेको |
| ३० | शितभण्डारण तथा कोल्ड स्टोर निर्माण कार्यक्रम | शितभण्डारणका लागि सूचना आह्वान गरी छनौटको काम अघि बढेको, गत आ.व. मा छनौट भएका ३ वटा कोल्डस्टोर निर्माणकर्ता मध्ये एउटाले कार्य प्रारम्भ गरेको, २ वटाले लगानी जुटाउने क्रममा रहेको |
| ३३ | चिया अक्सन सेन्टर स्थापना र टि टेस्टिङ हाउस निर्माण | टि टेस्टिङ हाउस निर्माणका लागि सूर्योदय नगरपालिका फिक्कलसँग मिति २०७६/०९/०२ गते समझदारी पत्रमा हस्ताक्षर गरी कार्य प्रारम्भ भएको । अक्सन केन्द्र स्थापना संघीय सरकारको कार्यक्षेत्रमा रहेको |

## सामाजिक विकास मन्त्रालय

| बुँदा नं | बजेट बक्तव्य अनुसारको कार्यक्रम | भौतिक प्रगतिको अवस्था | वित्तीय प्रगितको अवस्था | कैफियत |
|---|---|---|---|---|
| ७७ | मनमोहन प्राविधिक विश्वविद्यालय स्थापना | १०० प्रतिशत | विश्वविद्यालयलाई रकम निकासा भईसकेको | |
| ७८ | प्राविधिक विश्वविद्यालयको आंगिक क्याम्पसहरु स्थापना | ० | ० | सम्भाव्यता अध्ययन कार्यदलद्वारा पाँचथर, ताप्लेजुङ, तेर्हथुम र संखुवासभामा सरोकारवालासँग छलफल गरीसकेको र सोलुखुम्वुमा छलफल पश्चात प्रतिवेदन प्राप्त भएपछि बजेट कार्यान्वयन हुने |
| ८० | विद्यालय गुणस्तर सुधार अभियान संचालन | | ५४ प्रतिशत | |
| ८२ | सरकारी नुमुना आवासीय विद्यालय संचालन | | | |
| ८४ | महिला तथा विपन्न छात्रवृत्ति कार्यक्रम संचालन | | | |
| ८५ | सामुदियक विद्यालयका बालबालिकालाइ टिफिन बट्टा उपलब्ध गराउने कार्यक्रम | | ८ वटा स्थानीय तहमा सवै रकम हस्तान्तरण | |
| ८९ | खुला व्यायामशाला स्थापना | | | स्थानको छनौट भईसकेको, सामाग्रीहरुको स्पेशिफिकेशन तयार भईसकेको |

| | | | | |
|---|---|---|---|---|
| ९० | जिल्ला अस्पतालहरुको भौतिक तथा प्राविधिक विकास | | | |
| ९१ | प्रदेशस्तरीय अत्याधुनिक स्वास्थ्य प्रयोगशालाको स्थापना | | | महानगरपालिकाले जग्गाका लागि समन्वय भईरहेको, हाल जनस्वास्थ्य प्रयोगशाला भाडाको भवनमा संचालनमा रहेको । यस आ.व.मा प्रयोगशालाको लागि आवश्यक उपकरणहरु खरिदका लागि रु ४ करोड ५० लाखको टेण्डर आह्वान भईसकेको |
| ९२ | विपन्न वर्ग तथा असहायलाई निःशुल्क औषधीको व्यवस्था | | | प्रदेश आपुर्ती व्यवस्थापन केन्द्रबाट निःशुल्क औषधी खरिदका लागि टेन्डर आह्वन भईसकेको |
| ९३ | Telemedicine र घुम्ती स्वास्थ्य शिविर संचालन | | | भोजपुर र पाँचथर जिल्लामा शिविर सम्पन्न भईसकेको र टेलिमेडिसिन सेवाको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय भईरहेको |
| ९४ | आयुर्वेदिक औषधी अन्वेषण, उत्पादन र प्रशोधन | | | जडिवुटी उत्पादन तथा प्रशोधन केन्द्र भवन निर्माणका लागि माइजोगमाई गा.पा. २, इलाम मा १३ रोपनी जग्गा प्राप्त भई प्रकृया अगाडि बढेको |
| १०३ | रोजगार मेला संचालन मार्फत रोजगारी प्रवर्द्धन | | | |
| १०७ | लक्षित वर्ग कार्यक्रम | १०० प्रतिशत | ३५ प्रतिशत | |

| | | | | |
|---|---|---|---|---|
| १०८ | महिला उद्यमशिलता विकास कार्यक्रम संचालन | | स्थानीय तहमा रकम हस्तान्तरण | |
| ११० | ज्येष्ठ नागरिक ग्राम स्थापना | | | DPR का लागि समितिको समेत सुझाव लिई सूचना प्रकाशनको लागि TOR तयार भईरहेको |
| ११३ | प्रदेश खेलकुद विकास वोर्ड गठन | | | |

## भौतिक पूर्वाधार विकास मन्त्रालयसंग सम्बन्धीत कार्यहरुको बिवरण

| | वुँदा नं. | बजेट वक्तव्य अनुसारको कार्यक्रम | संख्या | हालसम्मको अवस्था | भौतिक प्रगति | वित्तिय प्रगति |
|---|---|---|---|---|---|---|
| सिंचाई | ७५ | नदी नियन्त्रण कार्य बहु वर्षिय योजनाको रुपमा संचालन गर्ने | ७ | निर्माणाधीन | ६० % | ५५% |
| खानेपानी | ९७ | सुख्खाग्रस्त क्षेत्रमा लिफ्टिङ, पम्पिङ र डिपवोरिङ खानेपानी आयोजना संचालन | ११८१ | निर्माणाधीन | ६१ % | ५१ % |
| सडक | १२४. | बहुवर्षिय सडक आयोजनाहरुका लागि स्रोतको सुनिश्चितता गरी आयोजना निर्माण | ६२ | ५२ सम्झौता भै काम भैरहेको | ३० % | |
| सडक | १२५. | मोटरेबल सडक पुल निर्माण कार्य | १३४ | १० सम्पन्न | ६५ निर्माणाधीन अन्य डिजायन हुदै | |
| सडक | १२६. | मुख्यमन्त्री सडक सुधार कार्यक्रम संचालन | ८७ | ५६ वटाको ठेक्का भएको | अन्यको तयारी हुदै | |
| सडक | १२९. | बृहत विराट क्षेत्रमा चक्रपथ निर्माण/विराटनगर चक्रपथ निर्माण | १ | रेखांकन नभएको | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सडक | १३०. | Road Beautification कार्यक्रम,सडक सुशासन र मर्मत सम्भार कार्यक्रम | ३ | स्था.तह बाट योजना छनौट भई आएको | अध्ययन हुदै | |
| सडक | १३१. | झोलुङ्गे पुल निर्माण कार्यक्रम | ११४ | १५ सम्पन्न | ९९ चालु | |
| सडक | १३९. | यातायात व्यवस्था कार्यालयहरुको सेवा विस्तार | ८ | ३ | ४ वटामा थप | |
| यातायात निर्देशनालय | १४० | सरकारी स्तरबाट सार्वजनिक यातायात संचालन गर्न सम्भाव्यता अध्ययन | एस मन्त्रालयबाट सो सम्बन्धी काम को सुरुवात नभएको | | | |
| सडक | १४२. | वृहत विराट क्षेत्रको गुरु योजना तयार गर्ने | १ | कार्य अघि नबढेको | | |
| भवन | १४५. | जनता आवास कार्यक्रमको निरन्तरता | १ | क्रमागत रुपमा कार्य भई रहेको | | |
| भवन | १४६. | कोशी रिफ्रेसमेन्ट सेन्टर निर्माण | १ | बोलपत्र आह्वान भएको | | |
| १४८. | १४८. | इटहरीमा सुविधा सम्पन्न अन्तराष्ट्रिय सम्मेलन केन्द्र स्थापना | १ | डी.पी. आर तयारी भएको | | |

**अन्य उपलब्धिहरु**

- स्वच्छ, सुखी र समुन्नत प्रदेशको दीर्घकालीन सोच र उद्देश्य सहित प्रथम आवधिक योजना तर्जुमा भएको
- प्रथम आवधिक योजनासंगै विकास आयोजनाको प्राथमिकिकरण गरी खर्चको मितब्ययीता र प्रभावकारिता बढाउन मध्यमकालीन खर्च संरचना तयार भएको
- योजना छनौट प्रणालीको कार्यविधि तर्जुमा प्रक्रिया थालनी गरिएको
- प्रदेशको विकासमा स्वदेशी निजी तथा बैदेशिक लगानी भित्र्याउन प्रदेश लगानी ऐन बमोजिम परियोजना बैंक तयार गरी पहिलो चरणमा २६ वटा परियोजनाहरूलाई अगाडि बढाउने तयारी गरिएको ।
- लगानीका दृष्टिले प्रदेश नं. १ अनुकूल हो भन्ने सन्देश प्रवाह भएको

- पहिलो पटक एक अर्ब रुपैयाँ बराबरको कार्यक्रमगत वैदेशिक अनुदान सहयोग लिन सफल भएकोउक्त वैदेशिक अनुदान सहयोग सम्बन्धी समझदारी पत्रमा नेपालको इतिहासमै पहिलो पटक देशको राजधानी काठमाण्डौं बाहिर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विराटनगरमा नेपाल सरकार र स्वीस सरकारबिच हस्ताक्षर भएको
- समिक्षा अवधिसम्ममा पनि सबैभन्दा धेरै पूँजीगत खर्च गर्न सक्ने प्रदेश सरकार बन्न पुगेको
- नीतिगत, संरचनागत र प्रकृयागत विषय तथा भौतिक पूर्वाधार विकास निर्माणका कामहरूलाई थप तिब्र गतिले अगाडि बढेको
- जनतामा सुशासनको प्रत्याभूति दिलाउने सन्दर्भमा प्रदेश सरकारले सेवा प्रवाह, विकास निर्माण र कानूनी-नीतिगत प्रबन्धहरूको स्थापना, विकास र प्रवर्द्धनका लागि दृढताका साथ कार्यहरू अघि बढाइएको
- विकास र सुशासनमा जनताले आशा र भरोसा गर्न सक्ने निकायको रूपमा प्रदेशलाई स्थापित गर्न समेत सफल भएको

**वित्त हस्तान्तरण**

- प्रत्येक स्थानीय तहलाई कम्तिमा रु. ६० लाख पर्ने गरी समानीकरण अनुदान प्रदान गरिएको साथै वित्त आयोगको सिफारिशको मापदण्डलाई आधार मानिएको
- समपूरक अनुदानः
  - प्रत्येक स्थानीय तहलाई कम्तीमा रु १ करोड हुने गरी हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको
- सशर्त अनुदानः
  - स्थानीय तहको विकासको आवश्यकता एवम् सामाजिक सेवामा लगानी वृद्धि गर्न स-शर्त अनुदान हस्तान्तरण गरिएको । (रु. ७५ करोड)
- विशेष अनुदानः
  - विद्यालय नर्सिङ कार्यक्रम र स्थानीय तह खेलमैदानको लागि हस्तान्तरण गरिएको (रु.५० करोड)

## अन्य केही महत्वपूर्ण कार्यक्रमहरु

- प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका लागि रु. १ अर्ब ४० करोड (हस्तान्तरण भई सकेको)
- निर्वाचन क्षेत्र विकास कार्यक्रम रु. ४६ करोड ५० लाख (हस्तान्तरण भई सकेको)
- गरिवसंग खाद्यान्न १५ करोड (बाढी, सुख्खाग्रस्त क्षेत्रका लागि आवश्यक परेको अवस्थाको लागि)
- मुख्यमन्त्री युवा उद्यमशील कार्यक्रम २० करोड (नियमावलीको मस्यौदा तयार भई छलफलमा रहेको)
- सार्वजनिक निजी साझेदारी २० करोड (नियमावलीको मस्यौदा तयार भई छलफलमा रहेको)

## बजेटसँग सम्बन्धीत केही समस्याहरु

- दक्षतापूर्ण विनियोजन र खर्च क्षमतामा कमी देखिएको
- परियोजना बैंक (Project Bank) अभाव रहेको
- कार्यसम्पादन र नतिजाप्रति जिम्मेवारी र जवाफदेहिताको प्रवर्द्धन भई नसकेको
- वित्तीय अनुशासन कायम हुनुपर्ने विषय
- कार्यक्रममा दोहोरोपना देखिएको
- संघबाट वित्त हस्तान्तरणको सिलिंग प्राप्त हुन नसकेको ।
- कार्यक्रम माग गर्दा समयको अपर्याप्तता र कार्यक्रम छनौटमा समन्वयको अभाव देखिएको
- विनियोजित रकम खर्च गर्न नसकेको स्थितिमा थप रकम माग गर्ने परिपाटी कायम रहेको
- नयाँ संस्था सिर्जना र नयां पदाधिकारी नियुक्ति हुँदा स्रोतको जोहोमा समस्या
- पूर्वाधार क्षेत्रमा रकमको माग वढी र आगामी वर्षहरुमा स्रोतको सुनिश्चितता माग बढ्दो
- क्षमता विकासमा समस्या

- खर्च नभएको अनुदान रकम समयमा नै स्थानीय तहहरुले प्रदेश सञ्चित कोषमा फिर्ता गर्दा प्रदेश सरकारलाई सहज हुने
- पर्याप्त तथा दक्ष जनशक्तिको अभाव

**साझा सम्पर्कको संजालको आवश्यकता**

- वित्त हस्तान्तरणको कारणले सवै तहका बजेटहरु साझा सम्पर्क संजालमा रहनु आवश्यक रहेको
  - नियमित प्रतिवेदन
  - खर्चको अद्यावधिकताको लागि रियल टाइम सूचना
- एक स्थानको सम्पर्क संजाल कमजोर भए सवै तह प्रभावित हुने
- LMBIS/ PLMBIS को प्राविधिक समस्या
- PTSA र PLMBIS बीचमा प्रभावकारी Integration मा समस्या

## प्रदेश राजस्व परिचालन सम्बन्धी समस्याहरु

**<u>यातायात सम्बन्धी समस्याहरुः</u>**

- प्रदेशको आफ्नो P-RMIS नभएकोले प्रदेश संचितकोषमा दैनिक राजस्व अवस्था दाखिला भए/नभएको नदेखिएको (संघबाट बाँडफाँट भएर आउने )
- प्रतिवेदन प्रणाली कमजोर
- यातायात सम्बन्धी प्रदेश ऐन(अवधि निर्धारण गर्ने) तर्जुमा भई कार्यान्वयनमा रहेको तर नियमावली(शुल्क निर्धारण गर्ने) नआएको कारणले समस्याहरु सृजना भएका
- सम्बन्धीत बिषयगत मन्त्रालयको कम प्राथमिकतामा पर्नु
- सवारी साधन करको राजस्व शीर्षकमा समस्या (संघ र प्रदेशको अधिकार क्षेत्र- कुन राजस्व कसको) जस्ता विषयहरु

**<u>ट्राफिक दण्ड जरिवाना सम्बन्धी समस्याहरुः</u>**

- सवारी साधन सम्बन्धी ट्राफिक दण्ड जरिवाना संघको राजस्वमा दाखिला गर्ने गरेको

- हाल सम्म मोरङ्गको मात्र प्रदेश संचित कोषमा दाखिला गर्ने गरेकोमा सो समेत संघीय कोषमा जम्मा गर्न थालेको

**मालपोत कार्यलय सँग सम्बन्धीत समस्याहरुः**

- कार्यालय र कर्मचारी संघको, अधिकार स्थानीय तहको, कानून(आर्थिक ऐन) प्रदेशको
- E- land registration सेवा सबै कार्यालयमा लागु हुन नसकेको
- राजस्व दाखिला को.ले.नि.का. मार्फत हुँदा दैनिक रूपमा बाँडफाँट हुने नगरेको
- प्रतिवेदन प्रणाली कमजोर हुँदा राजस्व संकलन स्थिति खोजेको बेला नदेखिने
- मालपोत कार्यालयको मासिक एवम वार्षिक लक्ष्य तोक्न नसकिएको
- मालपोत कार्यालयमा कर्मचारीको अभाव
- कतिपय ठाउँमा न्यूनतम मूल्यांकनमा त्रुटि(अत्यधिक मुल्य हुँदा कारोवार नहुने) ले ल्याएका समस्याहरु

**घरेलु तथा साना उधोग कार्यालय सम्बन्धी समस्याहरुः**

- समिति बाट कार्यालयमा रुपन्तरण हुँदा दक्ष कर्मचारीको अभाव
- प्रतिवेदन प्रणालीमा कमजोरी
- विषयगत मन्त्रालयको भूमिका कमजोर

**डिभिजन वन कार्यालय समबन्धि समस्याहरुः**

- प्रदेश वन पैदावार संकलन निर्देशिकाको अभाव (आर्थिक ऐन, २०७६ मा उल्लेखित)
- राजस्व शीर्षकमा दुविधा कायमै
- रोयल्टी र वन पैदावार
- कमजोर प्रतिवेदन प्रणाली

**कृषि आयमा कर समस्याहरुः**

- प्रदेशको एक मात्र एकल कर राजस्व अधिकार रहेको
- हाल सम्म नलगाईएको
- अध्ययन हुन नसकेको
- कृषिमा लाग्ने कर कार्यान्वयन गर्न नसकिएको

**स्थानीय तहको समस्याहरुः**

- <u>प्राकृतिक स्रोत संकलन तथा विक्री शुल्कमा समस्या</u>
    - केहि नेपाल ऐन संसोधन गर्ने कानूनले गरेको स्थानीय सरकार संचालन ऐनको दफा ६२ (क) र (ख) मा रहेको दुविधा
    - चौमासिक प्रतिवेदन (म.ले.प.२७५) को प्रभावकारी कार्यान्वयन हुन नसकेकोले स्थानीय तहको वित्तीय अवस्थाको जानकारी प्राप्त हुन नसकेको
    - प्रदेश र स्थानीय तह बीच साझा राजस्वको व्यवस्था रहेको जसमा सवारी कर बाहेक अन्य सबै स्थानीय तहले उठाउने व्यवस्था भए तापनि स्थानीय तहको क्षमता अभिवृद्धिको आवश्यकता देखिएको
    - स्थानीय तह हरुले प्रदेश आर्थिक ऐन, २०७६ संग बाझिने आर्थिक ऐन तर्जुमा गरि कार्यान्वयन गरेको
    - कमजोर प्रतिवेदन प्रणाली
    - क्षेत्र विवाद (खोला सिमाना)
    - कतिपय अवस्थामा दोहोरो कर लगाइएको
    - सिमेन्टमा लगाइएको बिक्रि शुल्कको उठ्न नसकेको
    - कानुनको छिद्रको प्रयोग

- <u>मनोरंजन कर र विज्ञापन कर</u>
    - मासिक रुपमा बाँडफाँट गर्ने नगरेको
    - दायरा विस्तार हुन नसकेको
- <u>पर्यटन शुल्क</u>
    - मासिक रुपमा बाँडफाँट गर्ने नगरेको
    - पर्यटन सेवाको दायरा विस्तार हुन नसकेको

**<u>स्रोत परिचालनका लागि गरिएका थप प्रयासहरु</u>**

- आवधिक रूपमा अन्तरक्रिया (स्थानीय, मालपोत, वन, घरेलु एवं अन्य सरोकारवाला संग) सम्बन्धमा कार्य-योजना तयार
- राजस्व र खर्च सम्बन्धी आवधिक समिक्षा गर्ने शुरुवात
- प्रतिवेदन प्रणालीमा सुधार (फर्म्याट निर्माण)
- महालेखा र प्रदेश लेखासंग राजस्वको शीर्षकगत समस्या सुधारका लागि पहल/समन्वय
- नातिजामुलक अनुगमन मुल्यांकन प्रणाली तर्फ उन्मुख
- ठाडो र क्षितिजिय समन्वय स्थापित तर्फ प्रयास
- ट्राफिक दण्ड जरिवानाको विषयमा आन्तरिक मामिलालाई सहजीकरण गर्न अनुरोध

- विषयगत मन्त्रालयलाई परिचालन गर्ने सुरुवात
- कार्यलयको लक्ष्य निर्धारणका आधार निर्माण तर्फ उन्मुख
- आर्थिक ऐन कार्यन्वयनका क्रममा देखा परेका समस्या समाधान
- अन्य समसामयीक विषयमा जोड

## बजेटको संशोधित अनुमान र पुन प्राथमिकीकरण

### बजेट संरचना (लक्ष्य)

- **कुल बजेट रु २० अर्व २० करोड ४ लाख १० हजार**
    - चालू : रु १८ अर्व ५४ करोड ६४ लाख ७६ हजार **४३.९ प्रतिशत**
    - पूंजीगत : रु २३ अर्व ५७ करोड ३९ लाख ३४ हजार **५५.९ प्रतिशत**
    - वित्तीय व्यवस्था रु ८ करोड **०.२ प्रतिशत**
- **श्रोतको लक्ष्य**
    - आन्तरिक श्रोत रु ३ अर्व ८४ करोड ९९ लाख १० हजार
    - राजस्व बांडफांड रु ११ अर्व ५९ करोड ६५ लाख ७८ हजार २४.९२ प्रतिशत
    - अनुदान रु २१ अर्व २० करोड ७४ लाख ५०.२८ प्रतिशत
    - समानिकरण अनुदान ८ अर्व १६ करोड ३३ लाख
    - सशर्त अनुदान ७ अर्व ४ करोड ४१ लाख
    - बिशेष अनुदान २ अर्व
    - समपूरक अनुदान ४ अर्व
    - नगद मौज्दात ६ अर्व ६१ करोड १५.६६ प्रतिशत

### समिक्षा अवधिसम्मको अवस्था

- यस समीक्षा अवधिमा आन्तरिक आय रु ३,८४९,९१०,०००.० सकलन गर्ने लक्ष्य रहेकोमा रु १,१६१,१४८,४०७.३१संकलन भई वार्षिक लक्ष्यको ३०.१६ प्रतिशत लक्ष्य हासिल भएको छ ।
- नगद मौज्दात ६ अर्व ६१ करोड रहने अनुमान गरिएकोमा अनुदान फिर्ता पछि बाँकी रु. २,४२७,५०५,०९०.७७ नगद मौज्दात कायम हुन आएकोछ ।
- संघवाट समपूरक ४ अर्व र विशेष अनुदान २ अर्व गरी जम्मा रु ६ अर्व प्राप्त हुने अनुमान गरिएकोमा क्रमश रु ७५ करोड ३८ लाख र रु ५४ करोड ५० लाख गरी कूल १ अर्व

३० करोड प्राप्त हुने भै लक्ष्य भन्दा ४ अर्व ७० करोड १२ लाख कम रकम प्राप्त हुने भएको छ ।

- संघवाट हस्तान्तरित अधुरा आयोजना वाट भुक्तानी गर्नको लागि थप रु १७५ करोडको हाराहारीमा संघीय सरकारवाट थप सशर्त अनुदान प्राप्तिको प्रक्रिया अगाडी बढेको छ ।
- यसरी वजेटको अनुमानित लक्ष्य स्रोतमा ६ अर्व कमी हुने देखिएकोले नयां लक्ष्य कायम गर्नु पर्ने अवस्था रहेको छ ।
- प्रदेशको खर्च ६ महिना अवधिमा कम देखिए पनि अन्य प्रदेशको तुलनामा वढी छ । साथै संचितकोषमा बचतको अवस्था पनि सन्तोषजनक रहेको छ ।तथापी आगामी वांकी महिनाहरुमा खर्चको चाप वढ्न सक्ने हुँदा स्रोतको कम आपूर्ति भएको सन्दर्भलाई र खर्चको प्रभावकारिता वृध्दिको लागि विभिन्न मन्त्रालय तथा विभागहरुमा खर्च हुन नसक्ने रकमलाइ चैत्र महिना भित्र समर्पण गर्न लगाउने चैत्र १५ गते पश्चात नयाँ बोलपत्र आव्हान नगर्ने र संघवाट सशर्त र विशेष अनुदान प्राप्त नभएका कार्यक्रमहरु हटाउनु पर्ने देखिन्छ ।
- एकातर्फ उपलब्ध साधन स्रोतको परिचालनमा प्रभावकारिता ल्याउनु आवश्यक छ भने अर्को तर्फ सरकारी खर्चमा मितव्ययीता अपनाउन प्रदेशका सवै निकायहरुवीच साझा प्रयासको आवश्यकता देखिन्छ ।
- प्रदेशको खर्च ६ महिना अवधिमा कम देखिए पनि अन्य प्रदेशको तुलनामा वढी भएको सन्दर्भमा यो गतिमा आगामी वाँकी अवधिमा थप तीव्रता दिनु पर्ने देखिन्छ।